मेडिकल डाईरेक्टर
( डा. आशा सिंह )
प्र.प्रहरी अतिरिक्त महानिरीक्षक

नेपाल सरकार

गृह मन्त्रालय

नेपाल प्रहरी अस्पताल, महाराजगंज, काठमाण्डौ

विद्युतीय/ सिलबन्दी वोलपत्र आव्हानको सूचना

सूचना नं. ३६/ ०७६/०७७

प्रथम पटक प्रकाशित मिति २०७७/०३/१२ गते शुक्रवार।

आ.व. २०७७/०७८ मा आवश्यक पर्ने औषधी तथा औषधिजन्य मालसामान, कार्यालय सञ्चालन तथा मर्मत सम्भारका लागि आवश्यक सामानहरू यस अस्पतालको विनियोजित तथा नेपाल प्रहरी अस्पताल कल्याण कोष लगायतको रकमबाट खरिद गर्नु पर्ने भएकोले विद्युतीय/ सिलबन्दी बोलपत्र आव्हान गरिएको हुँदा इजाजत प्राप्त इच्छुक फर्म, संस्था तथा कम्पनीहरूबाट रीत पूर्वकको बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

देहाय बमोजिमका मेडिकल ईक्यूप्मेन्टहरुमा प्रयोग हुने रि-एजेन्ट,केमिकल लगायतका अन्य सामानहरू सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) को दफा ४१ र सार्वजनिक खरिद नियमावली (संशोधन सहित) को नियम ८५ (३) बमोजिम खरिद गर्नु पर्ने भएकोले सम्बन्धित मेसिनको उत्पादक कम्पनीको नेपाल स्थित आधिकारिक बिक्रेता वा आधिकारिक एजेन्टले सूचनाको मितिले १५ (पन्ध्र) दिन भित्र निम्न कागजात सहित प्रस्ताव पेश गर्न सूचित गरिन्छ।

**आवश्यक कागजातहरू :-**

(१) फर्म दर्ता प्रमाण पत्र तथा नवीकरण, मु.अ.कर दर्ता प्रमाण पत्र, आ.व.२०७५।०७६ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी।

(२) उत्पादक कम्पनीबाट जारी भएको आधिकारिक बिक्रेता प्रमाण पत्र वा आधिकारीक एजेन्टको प्रमाण पत्रको प्रतिलिपी।

(३) प्रस्ताबित गर्ने समानको दर रेट।

(४) नेपालको अन्य स्वास्थ्य संस्थाहरुमाआपुर्ति गरेको मूल्य सहितको विवरण।

**मेशिनहरुको बिबरण :-**

| SN | Name of Equipment | Model No/Company |
|---|---|---|
| 1 | Biochemistry Analyzer | AU480, Beckman |
| 2 | Biochemistry Analyzer | XL200, ERBA |
| 3 | Sodium Potsssium Analyzer | Statlyte |
| 4 | Hematology Analyzer 5 Part | DXH500, Beckman |
| 5 | Hematology Analyzer 3 Part | Analyticom |
| 6 | Blood Gas Analyzer | Easy Stat,Medica |
| 7 | Blood Gas Analyzer | Opticca T52,Optimecical |
| 8 | Blood Culture | Bactec 9050, BD |
| 9 | CLIA(MAGLUMI-1000) | Snibe Diagnostic |
| 10 | MRI Flim | DRY View 6950 Compatible laser film 14X17" |
| 11 | X-Ray Flim | DT2B-AGFACR Compatible X-Ray Film 8X10" |
| | | DT2B-AGFACR Compatible X-Ray Film 10X12" |
| | | DT2B-AGFACR Compatible X-Ray Fiim 14X17" |
| 12 | HPLC | D 10 |

साथै यस अस्पताल कल्याण कोषद्वारा संचालित नेपाल प्रहरी अस्पताल चमेना गृह सिलबन्दी दरभाउ पत्रको माध्यमद्वारा आ.व. २०७७/०७८ को नयाँ ठेक्का सम्झौता गरी संचालन गर्नु पर्ने भएकोले ईच्छुक ब्यक्ति, फर्म, संस्था वा कम्पनीले यो सुचना प्रकाशित भएको मिति बाट १५ ( पन्ध्र ) दिन भित्र रीतपूर्वक चमेना गृह संचालन सम्बन्धी शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउ पत्र खरिद गरी यस अस्पतालको **कल्याण शाखामा** नियमानुसार पेश गर्नु हुन सूचित गरिएको छ।

*बिस्तृत जानकारीको लागि यस अस्पतालको Website: www.nph.nepalpolice.gov.np, नेपाल प्रहरीको Website: www.nepalpolice.gov.np र सार्वजनिक खरिद अनुगमन कार्यालयको Website: www.ppmo.gov.np मा समेत हेर्न सकिने ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागी अनुरोध गरिएको छ।*

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी अस्पताल, महाराजगंज, काठमाण्डौ

( डा. [illegible] )
प्र.प्रहरी अतिरिक्त महानिरीक्षक

## विद्युतिय / सिलवन्दी बोलपत्र आव्हानको सूचना

सूचना नं. ३६ /०७६/०७७

प्रथम पटक प्रकाशन मिति २०७७/०३/१२ गते ।

यस अस्पताललाई आ.व.२०७७/०७८ मा आवश्यक पर्ने औषधी तथा औषधीजन्य सामग्रीहरु र कार्यालय सञ्चालन तथा मर्मत सम्भार सम्बन्धि मालसामानहरुको लागि बिनियोजित बजेट तथा नेपाल प्रहरी अस्पताल कल्याण कोष लगायतको रकमबाट देहाय बमोजिमको औषधी तथा औषधीजन्य लगायतका मालसामानहरू खरिद गर्नु पर्ने भएकोले सूचनामा उल्लिखित शर्तहरुको अधिनमा रही ईजाजत प्राप्त ईच्छुक फर्म, संस्था वा कम्पनीहरुवाट रितपुर्वक बोलपत्र आव्हान गरिएको छ ।

बोलपत्र सम्बन्धी विवरण:

(क) औषधी तथा औषधीजन्य मालसामानहरु (विद्युतिय बोलपत्र मात्र) : -

| क्र.सं. | समुह | विवरण | परिमाण | जमानत रकम रु. | बोलपत्र फारम दस्तुर | बोलपत्र मान्य अवधि | दाखिला गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| १ | Group "A" Cardiac, Diabetic and Oral Antibiotics | A1. Cardiovascular Medicines | बोलपत्र फारमको आवश्यकता सम्बन्धी विवरण (BOQ) तालिकामा उल्लेख भए अनुसार | २,४९,०००/- | ५,०००/- | बोलपत्र दाखिला गर्ने अन्तिम मितिले ९० दिन | २०७७/०४/ १२ गते १२:०० बजे भित्र | २०७७/०४/१२ गते १३:०० बजे |
| | | A2. Anti-Diabetic Medicines | | १,६५,०००/- | | | | |
| | | A3. Oral Antibiotics | | १,३८,०००/- | | | | |
| २ | Group "B" Injections | B1. Injection - Antibiotics | | १,७६,५००/- | ५,०००/- | | | |
| | | B2. Injection – General Antibiotics | | १,२०,०००/- | | | | |
| | | B3. Injection - Fluids | | १,२८,५००/- | | | | |
| | | B4. Injection – Anesthesia and Radiology | | २,१८,०००/- | | | | |
| | | B5. Injection - Others | | १,९४,०००/- | | | | |
| ३ | Group "C" General Medicines | C1. Vitamins | | ७७,५००/- | ५,०००/- | | | |
| | | C2. NSAID | | ६०,०००/- | | | | |
| | | C3. Topical Items | | ७४,५००/- | | | | |
| | | C4. Gastrointestinal Medicines | | १,२२,०००/- | | | | |
| | | C5. Nervous System Medicines | | ७३,०००/- | | | | |
| | | C6. Respiratory and anti allerigic Medicines | | ५६,५००/- | | | | |
| | | C7. Miscellaneous Medicines | | १,९१,५००/- | | | | |
| ४ | Group "D" Surgical Items | D1. Surgical Items | | १,२१,५००/- | ५,०००/- | | | |
| | | D2. Surgical Items | | २,९४,०००/- | | | | |
| | | D3. Surgical Items | | १,८०,०००/- | | | | |
| | | D4. Surgical Items | | २,२५,०००/- | | | | |
| ५ | Group "E" Pathology Reagents | E1. Manual Pathology Reagents | | ९१,०००/- | ३,०००/- | | | |
| | | E2. Histopathology and Serology Reagents | | ९५,०००/- | | | | |
| ६ | Group "F" Orthopedic Implants | F1. Orthopedic Implants Trauma | | १,२०,०००/- | ३,०००/- | | | |
| | | F2. Orthopedic Implants | | ३०,०००/- | | | | |

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी अस्पताल महाराजगंज

मेडिकल डाईरेक्टर
(डा. आशा सिंह)
प्रा.प्रहरी अतिरिक्त महानिरीक्षक

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | Sports | | | | | | |
| ७ | Group "G" Dental Materials | Dental Materials | | ९६,५००/- | ३,०००/- | | | |
| ८ | Group "H" Suture Items | Suture Items | | २९,०००/- | ३,०००/- | | | |
| ९ | Group "I" Medical Oxygen | Medical Oxygen | | ७६,०००/- | ३,०००/- | | | |

(ख) <u>कार्यालय सन्चालन तथा मर्मत सम्भार अन्तर्गत (सिलवन्दी बोलपत्र मात्र)</u>

| सि.नं. | समुह | बिवरण | परिमाण | जमानत रकम रु. | बोलपत्र फारम दस्तुर | बोलपत्र मान्य अवधि | बोलपत्र खरिद गर्ने अन्तिम मिति | दाखिला गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | समुह "क" | छपाई सम्बन्धि | बोलपत्र फारमको आवश्यकता सम्बन्धी विवरण (BOQ) तालिकामा उल्लेख भए अनुसार | ७२,०००।०० | रु.३,०००/- | बोलपत्र दाखिला गर्ने अन्तिम मितिले ९० दिन | २०७७/०४/११ गते कार्यालय समय भित्र | २०७७/०४/१२ गते १२:०० बजे भित्र | २०७७/०४/१२ गते १४:०० बजे |
| २ | समुह "ख" | सरसफाई सम्बन्धि | | ७३,०००।०० | | | | | |
| ३ | समुह "ग" | मसलन्द सम्बन्धि सामानहरु | | ४०,०००।०० | | | | | |
| ४ | समुह "घ" | ईलेक्ट्रीक सम्बन्धि सामानहरु | | ४६,०००।०० | | | | | |
| ५ | समुह "ङ" | प्लम्बिङ, सिकर्मी तथा रंगरोगन सम्बन्धि | | ९४,०००।०० | | | | | |
| ६ | समुह "च" | सवारी साधन मर्मत सम्बन्धि | | १,०६०००।०० | | | | | |
| | | | | | | | | | |

१. बोलपत्र फारामको साथ कारोबारदर्ता तथा नविकरण प्रमाणपत्र, मु.अ.कर तथा आयकर दर्ता प्रमाण पत्र , आ०७.व.५/०७६ को कर चुक्ता प्रमाणपत्रको नोटरी पव्लीकवाट प्रमाणित प्रतिलिपि र बोलपत्र फाराममा उल्लेखित अन्य कागजपत्रहरू समेत संलग्न राखी पेश गर्नु पर्नेछ।

२. औषधी तथा औषधीजन्य मालसामान तर्फको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको Portal <u>www.bolpatra.gov.np/egp</u> बाट e-bidding को कार्य गर्नु पर्ने भएको हुँदा web मा Login गरी प्राप्त निर्देशन अनुसार बोलपत्रदाताले e-submission गर्नु पर्नेछ।

३. बोलपत्र फारामको दस्तुर वापतको रकम कोष तथा लेखा नियन्त्रण कार्यालय काठमाण्डौको नाममा रहेको राष्ट्रिय वाणिज्य बैङ्क ठमेल स्थित राजस्व शिर्षक नं. १४२२९, कार्यालय कोड नं.३१४०४३५०८, खाता नं. १०००२०००१०००० मा नेपाल प्रहरी अस्पताल, महाराजगंज, काठमाण्डौको नाममा दाखिला गर्नुपर्ने छ।

४. कार्यालय सन्चालन तथा मर्मत सम्भार तर्फको लागि बोलपत्र फाराम तोकिएको शुल्क तिरी उल्लेखित समय भित्र लिखित निवेदन सहित यस अस्पतालको प्रबन्ध शाखा वा कोष तथा लेखा नियन्त्रण कार्यालय, लैनचौर, काठमाण्डौंवाट वोलपत्र फाराम खरिद गरी दर्ता गर्ने अन्तिम मिति र समय भित्र तोकिएका कागजातहरू सहित सिलवन्दी बोलपत्र यस अस्पतालको प्रबन्ध शाखामा दर्ता गरिसक्नु पर्ने छ।

५. विद्युतिय/सिलबन्दी बोलपत्र e-submission/दाखिला भएका बोलपत्रहरू माथि उल्लेखित मिति तथा समयमा उपस्थित बोलपत्रदाता वा निजहरुका प्रतिनिधिहरूको रोहवरमा यस कार्यालयमा खोलिने छ। बोलपत्रदाता तथा निजको प्रतिनिधिहरू उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन। बोलपत्र दर्ता गर्ने अन्तिम दिन तथा खोलिने दिन कारणबस कुनै सार्वजनिक बिदा परेमा सो दिनको भोलिपल्ट वा कार्यालय खुलेको दिनमा माथि उल्लिखित स्थान र समयमा बोलपत्रहरु खोलिने छ। निर्धारित मितिमा कारणवश वोलपत्र नखोलिएमा वोलपत्र र वोलपत्र जमानतको मान्य अवधिको गणना पूर्व निर्धारित मिति देखि नै गरिने छ।

६. बोलपत्र पेश गर्दा तोकिएको जमानत रकममा नघटाई ईजाजत प्राप्त बाणिज्य बैङ्क वा बित्तीय सस्थाबाट नियमानुसार जारी भएको जमानतपत्र वा कोष तथा लेखा नियन्त्रण कार्यालय काठमाण्डौको नाममा रहेको राष्ट्रिय वाणिज्य बैङ्क ठमेल स्थित एकल धरौटी

खाता नं. ११००२०३, कार्यालय कोड नं.३१४०४३५०८ मा नेपाल प्रहरी अस्पताल, महाराजगंज, काठमाण्डौको नाममा दाखिला गर्नुपर्ने छ। बैंक जमानत बोलपत्र मान्य अवधि भन्दा कम्तीमा ३० दिन बढी (१२० दिन) अर्थात औषधी तथा औषधीजन्य सामानतर्फको लागि कम्तीमा मिति २०७७।०८।०९ गते (तदनुसार २४ नोभेम्बर २०२०) सम्म, र कार्यालय सञ्चालन तथा मर्मत तर्फ कम्तीमा मिति २०७७।०८।०९ गते (तदनुसार २४ नोभेम्बर २०२०) सम्म मान्य हुनुपर्ने छ।

७. बोलपत्र सम्बन्धी कागजात लगायतका अन्य विषयमा छलफल गर्न मिति २०७७/०३/३१ गते बुधबार १२:०० बजे यस अस्पतालमा प्रि-बिड मिटिङ्गको आयोजना गरिने र उक्त मिटिङमा सामानको गुणस्तर तथा आपूर्तिका शर्तहरु सम्बन्धी विशेष जानकारी गराईने हुँदा उक्त मिटिङ्गमा सहभागी हुन जानकारी गराईन्छ ।

८. बोलपत्रदाताले सबै समूह, आँशिक समुह, कुनै एक समूह वा कुनै एक आईटमको लागि मात्र पनि बोलपत्र पेस गर्नसक्ने छन्। तर प्रचलित ऐन बमोजिम कालो सूचीमा परेका व्यक्ति, फर्म, संस्था वा कम्पनी संचालकले आफ्नो पूर्ण वा आंशिक स्वामित्व कायम रहने गरी खोलेको नयाँ फर्म, कम्पनी वा संस्था वा आफै वा निज समेतको नाममा भैरहेको अर्को फर्म सस्था वा कम्पनिले बोलपत्र पेश गर्न सक्ने छैनन्।

९. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछन्।

१०. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरीद ऐन २०६३ (संसोधन सहित) र सार्वजनिक खरीद नियमावली २०६४ (संसोधन सहित) बमोजिम हुनेछ।

११. यस अस्पतालको फोन नं. ०१-४४१२५३० मा सम्पर्क गरी वा फार्मेसी/प्रवन्ध/आर्थिक प्रशासन शाखावाट बोलपत्र सम्बन्धी थप जानकारी लिन सकिने छ।

१२. यो सूचना नेपाल प्रहरी अस्पतालको website: www.nph.nepalpolice.gov.np र सार्वजनिक खरिद अनुगमन कार्यालयको website: www.ppmo.gov.np मा पनि हेर्न सकिने छ।

## बोलपत्र सम्बन्धी जानकारी

१. आपूर्ति गर्ने औषधि तथा औषधिजन्य सामानहरु WHO/ GMP/ ISO प्रमाणित हुनुपर्ने छ।

२. बोलपत्र फाराममा बोलपत्रदाताले आपूर्ति गर्ने औषधि तथा औषधिजन्य सामानहरुको Brand Name & Manufacture Company अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ। प्रत्येक आईटममा १ वटा मात्र उत्पादक कम्पनीको नाम प्रस्ताव गर्नु पर्नेछ। उत्पादक कम्पनी उल्लेख नभएका बोलपत्रलाई मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन।

३. आपूर्ति हुने औषधि तथा औषधिजन्य सामानहरुको उपभोग्य अवधि (Shelf Life) कम्तीमा ७५ प्रतिशत बाँकी रहेको हुनुपर्ने छ।

४. यस अस्पतालमा औषधी तथा औषधिजन्य सामानहरूको आपूर्ति गर्दा Packing Size, Tablet, Capsule, Vial, Ampoule, Bottle, Manufacture, Expire Date, Batch No. लगायतका कुराहरू स्पष्ट रूपमा अनिवार्य उल्लेख भएको हुनुपर्ने छ।

५. आपूर्तिकर्ताले अस्पतालले माग गरेको सामान्यतया ७ (सात) दिन भित्र आपूर्ति गर्नुपर्नेछ तर आकस्मीक अवस्थामा भने तोकीएको समयमा नै आपूर्ति गर्नु पर्नेछ। अस्पतालले माग गर्दा बोलपत्रमा उल्लेखित सामानहरु आवश्यकता अनुसार पुरै वा आँशिक, एकै पटक वा पटक पटक गरी माग गर्न सक्ने छ।

६. स्वीकृत बोलपत्रमा तोकिएको उत्पादक कम्पनीको औषधि तथा औषधिजन्य सामानहरु तोकिएको समय भित्र अस्पतालले माग गरे बमोजिम आपूर्ति नगरेमा उक्त सामानहरु आपूर्तिकर्तालाई पूर्व सूचना वेगर नै बजारवाट सोझै खरिद गरी उक्त रकम बोलपत्र स्वीकृत दरभन्दा बढी भएमा बढी हुन आउने रकम आपूर्तिकर्तावाट असुल उपर गरिनुको साथै सम्झौता रद्ध गरी नियमानुसार कानुनी कारवाहीको लागि प्रकृया अघि बढाउन सकिने छ।

७. आपूर्ति भएका सामानहरुको गुणस्तरमा द्विविधा भएमा स्वदेश तथा विदेश स्थित मान्यता प्राप्त परिक्षण केन्द्रमा नमुना जाँच गर्न गराउन सकिने छ र परीक्षणवापत लाग्ने नमुना सहितको सम्पूर्ण खर्च आपुर्तिकर्ताले नै व्यहोर्नु पर्नेछ।

८. बोलपत्र फारामको मूल्य परिमाण सूची (BOQ) मा उल्लिखित परिमाणमा अस्पतालको आवश्यकता अनुसार थपघट गर्न सकिने छ ।

९. कुनै औषधी तथा औषधीजन्य सामानहरु अधिकतम् खुद्रा मूल्य (MRP) भन्दा बढी पेश गर्न पाईने छैन । साथै MRP उल्लेख नभएका औषधीजन्य सामानहरू बोलपत्रमा पेश गरेमा अस्पतालले माग गरेको बखतमा अनिवार्य रुपमा नमुना पेश गर्नु पर्नेछ ।

१०. बोलपत्र फाराममा मूल्य कबोल गर्दा अनिवार्य रुपमा अंक तथा अक्षरमा कबोल गर्नुपर्ने छ ।

११. बोलपत्र फाराममा टिपेक्स लगाएको, ब्लेड वा धारिलो हतियारले कागज खुर्किएको पाइएमा बोलपत्र फाराम रद्द गर्न सकिने छ ।

१२. बोलपत्र सामान्यतया चालु आ.व.०७७/०७८ को लागि मात्र भएता पनि अर्को खरिद सम्झौता नभएसम्मको लागि आपूर्तिकर्ताले प्रस्ताव गरेको दररेटमा नै उपलब्ध गराउनुपर्ने छ ।

१३. कुनै वा सबै बोलपत्र, पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार यस अस्पतालमा निहित रहने छ ।

१४. औषधी आपुर्ति गर्न बोलपत्रदाताले आबश्यकता अनुसार यस अस्पतालले माग गरेको बखत आबश्यक प्रमाणहरू पेश गर्नु पर्ने छ र औषधी ब्यबस्था बिभागमा दर्ता भएको हुनु पर्ने छ ।

१५. यस अस्पतालले आबश्यक परेमा बोलपत्रदाताहरूसँग Indivisual Itemwise आधिकारिक बिक्रेताको प्रमाण पत्र माग गर्न सक्ने छ ।

१६. **औषधी तथा औषधी जन्य मालसामानहरुको बोलपत्र फारामको मूल्य परिमाण सूची (BOQ) मा उल्लिखित Item हरूको Indivisual Itemwise मा मुल्याङ्कन तथा स्वीकृत गरिने छ ।**

१७. बोलपत्रदाताले मूल्य परिमाण सूची (BOQ) मा एउटै Generic नाम तर फरक Strength ( जस्तै: Atorvastatin 5, 10, 20) को एउटै कम्पनि उल्लेख गर्नेलाई प्राथमिकतामा राखिने छ ।

१८. आकस्मिक रूपमा कुनै ब्राण्डको औषधी Shortage हुन गएको अबस्थामा सम्बन्धित आपुर्तिकर्ताले DDA वा उत्पादक कम्पनि वा आधिकारिक निकायबाट प्रमाण पेश गरेमा यस अस्पतालको अस्पताल फार्मेसी तथा थेराप्यूटिक समिति ( Drug & Therapatic commitee) को निर्णयानुसार तोकिएको स्तरको बैकल्पिक ब्राण्ड स्वीकृत गर्न सक्ने छ र त्यसरी स्वीकृत पश्चात आपुर्ति गरेको औषधी तथा औषधीजन्य सामाग्रीको मूल्य बोलपत्रको स्वीकृत दर नबढाई भुक्तानी दिईनेछ ।

१९. यस अस्पतालले मुल्याङ्कनको क्रममा बोलपत्र फारामको मूल्य परिमाण सूची (BOQ) मा उल्लेख गरेको औषधी तथा औषधीजन्य मालसामानहरुको नमुना माग गर्न सक्ने छ ।

२०. अस्पताल फार्मेसी सेवा निर्देशिका २०७२ अनुसार गठित अस्पताल फार्मेसी तथा थेराप्यूटिक समिति (Drug & Therapatic commitee) ले औषधी तथा औषधीजन्य वस्तुहरु उत्पादन गर्ने कम्पनीको बिश्वसनियताको आधारमा कुनै खास ब्रान्ड स्वीकृत वा अस्वीकृत गर्न सक्ने छ ।